प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
**प्रदेश लेखा नियन्त्रक कार्यालय**
बागमती प्रदेश
हेटौंडा, मकवानपुर
☎०५७-५२१८०७

प.सं.: २०७६।०७७
च.नं.: ९८८

मिति : २०७७।०३।१५

विषय : तलबी प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

श्री प्रदेश लेखा इकाई कार्यालय(कोष तथा लेखा नियन्त्रक कार्यालय)
ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, चितवन, धादिङ्ग, सिन्धुली, रामेछाप, दोलखा, त्रिपुरेश्वर काठमाण्डौं ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६/०५/१८ च.नं. १८० को पत्रानुसार प्रदेश संबैधानिक आयोग, प्रदेश मन्त्रालय र प्रदेश अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको प्रदेश मुकाम रहेको जिल्लाको हकमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र अन्य जिल्लाको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गर्ने व्यहोरा उल्लेख छ ।
कर्मचारी समायोजन ऐन २०७५ अनुसार प्रदेशमा समायोजन भएका तथा प्रदेशमा सरुवा तथा काजमा रहेका कर्मचारीहरुको आ.ब. २०७६/७७ को तलबी प्रतिवेदन देहायका आधारमा पारित गर्नु हुन यस कार्यालयको मिति २०७७/०३/१४ को निर्णयानुसार अनुरोध छ ।

तपसिल

१. साविक निजामती सेवाबाट प्रदेशमा समायोजन भएका रा.प.अनं. द्वितीय श्रेणीबाट सहायकस्तर पाँचौं, रा.प.अनं. प्रथम श्रणीबाट अधिकृतस्तर छैठौं, रा.प. तृतीय श्रेणीबाट अधिकृतस्तर आठौं र रा.प. द्वितीय श्रेणीबाट अधिकृतस्तर दशौं तहमा समायोजन भएका कर्मचारीहरुको हकमा कर्मचारी समायोजन ऐन २०७५ को दफा ७ को उपदफा ४ मा व्यवस्था भए अनुसार समायोजन पदस्थापन मितिलाई आधार मानी समायोजन भएको पदको सुरु तलब स्केलसंग साविकमा खाईपाई आएको तलब र ग्रेडको जम्मा रकम (प्राबिधिक ग्रेड बाहेक) समायोजन गरी ग्रेड संख्या निर्धारण गर्ने ।
२. प्रदेशमा समायोजन भई कार्यरत कर्मचारीको समायोजित पद अनुसारको तलब र ग्रेड पाउने मिति एकिन गर्न राष्ट्रिय किताबखाना (निजामती)ले आ.व. २०७६/७७ को लागि तयार

Email: ptco.makwanpur@gmail.com

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
**प्रदेश लेखा नियन्त्रक कार्यालय**
बागमती प्रदेश
हेटौंडा, मकवानपुर
☎०५७-५२१८०७

प.सं.: २०७६।०७७
च.नं.: ६८८

पारेको तलबी प्रतिवेदनको ढाँचामा एक महल (समायोजित पदमा पदस्थापन मिति) थप गर्ने।

३. प्रदेशमा समायोजन भएका कर्मचारीहरुको तहगत पद भएतापनि बागमति प्रदेश सरकारले संगठन तथा व्यवस्थापन सर्भेक्षण गरीनसकेको अवस्थामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वीकृत गरेको दरवन्दी संरचना श्रेणीगत रहेको छ। त्यसैगरी संघमा समायोजन भई बागमती प्रदेश सरकारले स्थापना गरेको थप कार्यालयहरुमा कामकाज गर्न खटिएका कर्मचारीहरुको हकमा श्रेणीगत हिसावको पद भएता पनि तहगत दरवन्दी संरचना रहेको छ । यस सन्दर्भमा रा.प.अनं. द्वितीय श्रेणीलाई सहायकस्तर चौथो र सहायकस्तर पाँचौ, रा.प.अनं. प्रथम श्रेणीलाई सहायकस्तर पाँचौं र अधिकृतस्तर छैठौ, रा.प. तृतीय श्रेणीलाई अधिकृतस्तर सातौं र अधिकृतस्तर आठौं, रा.प. द्वितीय श्रेणीलाई अधिकृतस्तर नवौं र अधिकृतस्तर दशौं र रा.प. प्रथम श्रेणीलाई अधिकृतस्तर एघारौंको दरवन्दी संख्या र कार्यरत कर्मचारीको संख्या भिडान गर्ने ।

४. समायोजन भई आएका सबै कर्मचारीहरुको ग्रेड वृद्धि हुने महिना समायोजन हुनु भन्दा पहिलेको पदको नियुक्ति मितिको आधारमा गर्ने ।

५. समायोजन भएको कर्मचारीको अधिकतम ग्रेड संख्या समायोजन अघिनै पुरा भई बागमती प्रदेशमा समायोजन भएको हकमा थप दुई ग्रेड पाउने अवस्था रहेछ भने थप दुई ग्रेड दिने। अन्यको हकमा अधिकतम ग्रेड संख्याको सिमाभित्र रहने गरी तलबी प्रतिवेदन पारित गर्ने ।

..................
(हरिशचन्द्र सिंह ठकुरी)
लेखा अधिकृत (अ.सातौं)

Email: ptco.makwanpur@gmail.com